# महिलाको गर्भपतनसम्बन्धी अधिकार

जानकारी पत्र



प्रकाशन नं. ६४

FORUM FOR WOMEN, LAW AND DEVELOPMENT
1995

UNDP



*नेपाल विश्वका उच्च मातृमृत्यु दर भएका देशहरु मध्ये एक देशको रुपमा परिचित रहेको छ। नेपालमा प्रत्येक वर्ष प्रति एक लाख जीवित जन्ममा ४१५ जना आमाहरु मरिरहेका छन्। नेपालको कुल मातृमृत्युको लगभग ५० प्रतिशत गर्भपतनसम्बन्धी जटिलताको कारणबाट हुने गरेको छ। यहि कुरालाई दृष्टिगत गरी नेपाल सरकार, गैरसरकारी संस्थाहरु तथा आमजनताको लामो प्रयास पश्चात् मुलुकी ऐन, २०२० मा भएको एघारौं संशोधनले गर्भपतनलाई महिलाको प्रजनन स्वास्थ्य अधिकारको रुपमा स्वीकार गरेको छ। संशोधित कानूनद्वारा प्रदत्त शर्तयुक्त गर्भपतनको अधिकारको कार्यान्वयनमा नेपालमा विद्यमान गरिवी, अशिक्षा, चेतनाको अभाव, अपर्याप्त भौतिक सुविधा, दक्ष जनशक्तिको कमी आदि चुनौतीको रुपमा देखिएका छन्। यी चुनौतीहरुलाई मध्यनजर गर्दै कानूनद्वारा प्रदत्त यस गर्भपतनको अधिकार सम्बन्धमा व्यापक जनचेतना फैलाई महिलाको यो मानव अधिकारलाई व्यवहारमा सुनिश्चित गर्नु आजको आवश्यकता भएको छ।*

## गर्भपतन के हो ?

*सामान्य अर्थमा गर्भमा रहेको भ्रुण स्वभाविक र प्राकृतिक रुपमा जन्मनुभन्दा अघि गर्भाशयबाट बाहिर निस्कनु अर्थात् गर्भमा रहेको शिशु आमाको शरीर बाहिर बाँच्नको लागि योग्य हुनुभन्दा अगाडि नै निस्कनु गर्भपतन हो।*

## गर्भपतनका प्रकारहरू


गर्भपतनको प्रकृतिअनुसार गर्भपतन सामान्यतः दुई किसिमको हुन्छः

### प्राकृतिक गर्भपतन



कुनै स्वास्थ्य सम्बन्धी समस्या वा शारीरिक रोग वा दुर्घटनाका कारण गर्भवती महिलाको गर्भमा रहेको भ्रुण बाहिर निस्कनुलाई प्राकृतिक रूपमा भएको गर्भपतन भनिन्छ । यस किसिमको गर्भपतनलाई गर्भ खेर जानु वा गर्भ तुहिनु पनि भनिन्छ । प्राकृतिक गर्भपतन एउटा स्वभाविक प्रक्रिया हो ।

### कृत्रिम गर्भपतन



प्राकृतिक कारण बाहेक कृतिम तरिकाले वा जानी जानी मानिसले बाहिरी बल प्रयोग गरी गर्भवती महिलाको गर्भमा रहेको भ्रुणलाई तुहाउनु कृतिम गर्भपतन हो । कृतिम तरिकाले गरिने गर्भपतनमा गर्भवती महिला स्वयंमले वा अन्य व्यक्तिहरूद्वारा बाहिरी बल प्रयोग गरी गर्भपतन गरेको हुन सक्दछ ।




## कानूनी गर्भपतन के हो ?

*कुनै पनि महिलाको गर्भमा रहेको भ्रुणलाई स्वभाविक प्रक्रिया र परिस्थितिमा जन्मिन नदिई समयभन्दा अगावै कृत्रिम तरिकाले तुहाउनुलाई कानूनी अर्थमा गर्भपतन भनिन्छ । अर्थात् कानूनले कृत्रिम गर्भपतनलाई मात्र गर्भपतनअन्तर्गत परिभाषित गरेको छ ।*

## कानूनी गर्भपतनका प्रकारहरू


कानूनी गर्भपतन दुई किसिमको हुन्छः

### स्वेच्छिक गर्भपतन




गर्भवती महिलाले आफ्नो स्वेच्छाले गर्भपतन गराउनु स्वेच्छिक गर्भपतन हो ।

### बलपूर्ण गर्भपतन



*गर्भवती महिलामाथि बल प्रयोग गर्दा सोही कारणले गर्भ तुहिनु बलपूर्ण गर्भपतन हो ।*

## गर्भपतन : महिलाको प्रजनन स्वास्थ्यको अधिकार

महिलाको प्रजनन स्वास्थ्य महिला मानव अधिकारको प्रमुख एवं आधारभुत पक्ष हो । महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा मौलिक मानव अधिकारको रूपमा मान्यता दिएको पाइन्छ । महिलाको प्रजनन स्वास्थ्य सम्पूर्ण मानव समुदायको सरोकारको विषय हो । महिलाको यो मानव अधिकारलाई संरक्षण गर्न प्रजनन स्वास्थ्यसम्बन्धी सबै प्रकारका सेवाहरू महिलाहरूलाई सर्वसुलभ रूपमा उपलब्ध हुनुपर्दछ । महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई संरक्षण गर्न गर्भपतनको अधिकारलाई सुनिश्चित गर्नुपर्दछ । प्रजनन स्वास्थ्य भनेको महिलाले बच्चा जन्माउनुसँग मात्र सम्बन्धित छैन ।



महिलाको प्रजनन स्वास्थ्यको अधिकारअन्तर्गत देहायका अधिकारहरू पर्दछन्ः-

- महिलाको शारीरिक स्वास्थ्य,
- मानसिक स्वास्थ्य,
- सन्तुलित एवं पोषणयुक्त खाना,
- महिनावारी तथा गर्भाधारण,
- यौन स्वास्थ्य,
- गर्भवतीको समयमा आवश्यक स्वास्थ्य सेवा,
- जवाफदेहीपूर्ण एवं सम्मानजनक यौन सम्बन्ध,



- स्वतन्त्र र जिम्मेवारीपूर्वक बच्चाको संख्या र जन्मान्तर निर्धारण,
- परिवार नियोजनका सेवा र साधनको आवश्यक जानकारी,
- सुरक्षित एवं सुलभ प्रसुती सेवा ।

## मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू र गर्भपतनको अधिकार

### मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८

यस घोषणापत्रले मानव अधिकारलाई मानव समुदायका सदस्यहरूको अन्तरनिहित, अहरणिय र नैसर्गिक अधिकारको रूपमा घोषणा गरेको छ । यस घोषणा पत्रले मानव अधिकारको सिद्धान्तको आधारमा प्रजनन स्वास्थ्यको अधिकारलाई महिलाको मानव अधिकारको रूपमा स्वीकार गरेको छ ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६

यस प्रतिज्ञापत्रले प्रजनन स्वास्थ्यलाई महिलाको मानव अधिकारको रूपमा व्याख्या गरी बच्चा जन्मनुभन्दा अघि र पछि उपयुक्त अवधिमा आमालाई विशेष संरक्षण दिनुपर्ने तथा पर्याप्त सामाजिक सुरक्षाका फाइदाहरू सहित बिदा दिनुपर्ने उल्लेख गरेको छ । त्यसैगरी व्यक्तिको उच्चस्तरीय शारीरिक र मानसिक स्वास्थ्य उपभोग गर्न पाउने अधिकारलाई पनि सुनिश्चित गरेको छ ।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९

यो महासन्धि महिलाको प्रजनन स्वास्थ्यको अधिकारको सन्दर्भमा महिला अधिकारलाई विशेष रूपमा संरक्षित गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ । यस महासन्धिले महिलाको प्रजनन स्वास्थ्यको अधिकारको सन्दर्भमा विस्तृत रूपमा व्यवस्था गरेको छ । विवाह तथा मातृत्वको आधारमा हुने महिलाहरू माथिको भेदभावलाई रोक्न तथा पारिवारिक





दायित्वलाई समायोजन गर्न महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ । त्यसैगरी परिवार नियोजनसम्बन्धी स्वास्थ्य सेवामा महिलाहरूको पहुँचलाई सुलभ बनाउने तथा महिलालाई परिवार नियोजनसम्बन्धी सूचना सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य सेवा र सुविधा प्रदान गर्नुपर्ने अधिकारलाई सुनिश्चित गरेको छ ।

## गर्भपतनलाई मान्यता दिने अन्तर्राष्ट्रिय सम्मेलनहरू

### कायरो सम्मेलन

सन् १९९४ मा कायरोमा सम्पन्न जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा महिलाको प्रजनन स्वास्थ्यको सम्बन्धमा पनि छलफल गरिएको थियो । यस सम्मेलनले पनि महिलाको प्रजनन स्वास्थ्यलाई जनसंख्या, विकास र वातावरणसँग सम्बन्धित एक महत्वपूर्ण विषयको रूपमा स्वीकार गरी प्रजनन स्वास्थ्यको अधिकारलाई सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिएको छ ।

### बेइजिङ्ग सम्मेलन

सन् १९९५ मा चीनको बेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलनले महिला र स्वास्थ्यअन्तर्गत महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई विशेष महत्वका साथ हेरेको पाइन्छ । प्रजनन स्वास्थ्यको अधिकार बिना महिलाको शारीरिक र मानसिक पूर्ण विकास संभव हुँदैन भन्ने कुरालाई मान्यता दिंदै राज्यले महिलाको प्रजनन स्वास्थ्यको अधिकारलाई प्रत्याभुत गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

## प्रतिबन्धित गर्भपतन कानूनले महिलालाई पारेको असर

मुलुकी ऐनको एघारौं संशोधन हुन अघि प्रतिवन्धित गर्भपतनसम्बन्धी कानूनको कारण नेपाली महिलाहरूको जीवनमा निम्न असरहरू पारेको थियो :

- प्रजनन स्वास्थ्य सेवाबाट बन्चित,
- गर्भपतनको सेवाबाट बन्चित,
- महिलाको स्वास्थ्यमा तत्कालिन तथा दीर्घकालिन असर,
- महिला मानव अधिकारको उल्लंघन,
- मातृ मृत्यु दरमा वृद्धि,
- शिशु मृत्यु दरमा वृद्धि,
- गर्भपतनको अभियोगमा महिलाले जेलको सजाय भोग्नुपर्ने,
- सामाजिक लान्छाना र तिरस्कार ।





## गर्भपतनसम्बन्धी अधिकारको आवश्यकता

गर्भपतन महिलाको प्रजनन स्वास्थ्य लगायत महिला मानव अधिकारका विविध पक्षहरूसँग सम्बन्धित छ । त्यसैले गर्भपतनको अधिकारलाई सुनिश्चित गर्न यसलाई कानूनी मान्यता दिनु पर्दछ । सुरक्षित र सुलभ रूपमा गर्भपतन सेवा उपलब्ध गराउनु पर्दछ । असुरक्षित गर्भपतनको कारण महिलाको स्वास्थ्यमा तत्कालिन तथा दीर्घकालिन रूपमा नकारात्मक असर पर्न जान्छ ।




कतिपय अवस्थामा महिलाको स्वास्थ्यको लागि गर्भपतन गर्नुपर्ने हुन्छ भने कतिपय अवस्थामा अनिइच्छित गर्भधारणले महिलाको शारीरिक एवं मानसिक स्वास्थ्यमा असर पारेको हुन्छ, जुनबेला गर्भपतन आवश्यक हुन्छ । गर्भपतनको अधिकारले महिलाको प्रजनन स्वास्थ्य तथा आफ्नो शरीरमाथिको अधिकार लगायत आत्मनिर्णयको अधिकारलाई पनि सुनिश्चित गर्दछ । प्रजनन स्वास्थ्यले महिलाको जीवनमा नै प्रभाव पार्ने हुँदा गर्भपतनको अधिकार आवश्यक हुन्छ ।

## गर्भपतनसम्बन्धी कानूनी व्यवस्था

गर्भपतनले अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको मान्यता पाइसक्दा पनि नेपालमा गर्भपतनलाई अपराधिकरण घोषित गरिएको थियो । जुनसुकै परिस्थितिमा गरिने गर्भपतन कानूनद्वारा दण्डनिय थियो । यो परिस्थितिले नेपालले मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमा जनाएको प्रतिबद्धताको अवज्ञा मात्र होइन महिलाको मानव अधिकारको उल्लंघनको साथै महिला माथि प्रत्यक्ष भेदभाव गरिरहेको स्थिति थियो ।




यस परिप्रेक्ष्यमा मुलुकी ऐनको एघारौं संशोधनले पहिलो पटक नेपाली महिलाहरूलाई गर्भपतनको अधिकार प्रदान गरेको छ । यस एघारौं संशोधनले केही निश्चित अवस्थामा महिलालाई स्वेच्छाले गर्भपतन गर्न पाउने अधिकार प्रदान गरेको छ भने गर्भवती महिलाको सहमतीविना बलपूर्वक गरिने गर्भपतनलाई अपराध मानी सजायको व्यवस्था गरेको छ ।




# स्वेच्छिक गर्भपतन : महिलाको प्रजनन स्वास्थ्यको अधिकार

गर्भवती महिलाको आफ्नो स्वेच्छाले गर्भपतन गराउन पाउने महिलाको अधिकारलाई कानूनले प्रजनन स्वास्थ्यको अधिकारको रूपमा मान्यता दिएको छ। तर गर्भवती महिलाले गर्भपतन गर्दा कानूनले तोकेको निश्चित अवस्थाहरूमा मात्र गर्भपतन गर्न पाउँदछ ।



## गर्भपतन गर्न पाइने अवस्थाहरू





गर्भवती महिलाको स्वेच्छाले १२ हप्तासम्मको गर्भ



जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ





विकला□ बच्चा जन्मन सक्ने अवस्थामा गर्भवती महिलाका ज्यानमा खतरा हुन सक्ने वा शारीरिक/मानसिक स्वास्थ्यमा असर पर्ने वा चिकित्सकको रायले जहिलेसुकै



## गर्भपतन को द्वारा गराउने ?



गर्भवती महिलाले केही निश्चित अवस्थाहरूमा गर्भपतन गर्न पाउने अधिकार भए तापनि गर्भवती महिलाले जोसुकैसँग गर्भपतन गर्न पाउँदिनन् । गर्भपतन गर्दा श्री ५ को सरकारले तोके बमोजिमको प्रक्रिया अपनाई निर्धारित योग्यता पूरा गरेका इजाजतपत्र (अनुमती) प्राप्त गरेको स्वास्थ्यकर्मीबाट गर्नु पर्दछ ।

## गर्भपतन गर्न नपाइने अवस्थाहरू



*गर्भवती महिलाको मञ्जुरी विना*



*भ्रुणको लि□ पहिचान गरी*

*कानूनले तोकेको अवधि र अवस्था बाहेक अन्य अवस्थामा*


## गर्भपतनको उद्देश्यले लिङ्ग परिक्षण गर्न नपाउने

लिङ्गको आधारमा गर्भपतन गर्नु लैङ्गिक भेदभावलाई निरन्तरता दिनु हो । त्यसैले केही निश्चित अवस्थामा गर्भपतन गर्न पाउने व्यवस्था भए तापनि भ्रुणको लिङ्गको आधारमा गर्भपतन गर्ने कार्यलाई अपराध मानेको छ ।

भ्रुणको लिङ्गको आधारमा हुने गर्भपतनलाई पूर्ण रूपमा निरूत्साहित गर्न गर्भपतनको उद्देश्यले लिङ्ग पहिचान गर्नु गराउनुलाई पनि अपराध मानी सजायको व्यवस्था गरेको छ ।







# सजाय

## कानूनले तोकेको अवस्था र अवधिबाहेकमा गर्भपतन गर्नेलाई सजाय



- बाह्र हप्ता सम्मको गर्भ भए एक वर्षसम्म कैद
- पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्ष सम्म कैद
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्ष सम्म कैद

## भ्रुणको लिङ्गको आधारमा गर्भपतन गर्नेलाई सजाय

- गर्भपतन गर्ने गराउने उद्देश्यले भ्रुणको लिङ्ग पहिचान गर्ने गराउनेलाई तीन महिनादेखि ६ महिना सम्म कैद



- लिङ्गको आधारमा गर्भपतन गर्ने गराउनेलाई लिङ्ग पहिचान गर्ने गराउनेलाई हुने सजायमा थप एक वर्ष कैद

## करकापमा पारी गर्भपतन गराउनेलाई सजाय

- गर्भवती महिलालाई करकाप, धम्की, ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद









# बलपूर्ण गर्भपतन : महिलाविरुद्धको हिंसा

गर्भवती महिलामाथि बल प्रयोग गर्दा सो को कारणले गर्भपतन हुनु बलपूर्ण गर्भपतन हो । बलपूर्ण गर्भपतन महिलाविरूद्धको हिंसाको एक रूप हो । गर्भवती महिलाको बलपूर्ण गरिने गर्भपतनले महिलाको आफ्नो शरीरमाथिको अधिकार तथा आत्मनिर्णयको अधिकारलाई उल्लंघन गर्दछ । त्यसैले बलपूर्ण गर्भपतनलाई कानूनले अपराध मानी सजायको व्यवस्था गरेको छ ।



## बलपूर्ण गर्भपतनको प्रकारहरू

### मनसाययुक्त बलपूर्ण गर्भपतन

कुनै महिला गर्भवती छ भन्ने कुरा थाहा पाई जानीजानी रिसइवीले गर्भवती महिलालाई केही कुरा गर्दा गर्भपतन भएमा त्यसलाई मनसाययुक्त बलपूर्ण गर्भपतन भनिन्छ । मनसाययुक्त बलपूर्ण गर्भपतनलाई कानूनले अपराध मानी दण्डनीय गरेको छ ।

### भूलवस बलपूर्ण गर्भपतन

कुनै महिला गर्भवती छ भन्ने कुरा नजानी गर्भवती महिलालाई केही कुरा गर्दा गर्भपतन भएमा त्यसलाई भूलवस बलपूर्ण गर्भपतन भनिन्छ । भूलवस बलपूर्ण गर्भपतनलाई पनि कानूनले अपराध मानी दण्डनीय गरेको छ ।

## सजाय

### मनसाययुक्त बलपूर्ण गर्भपतनमा सजाय

- पच्चीस हप्तासम्मको गर्भ तुहिन गएकोमा ३ महिना कैद
- पच्चीस हप्ताभन्दा बढीको गर्भ तुहिन गएकोमा ६ महिना कैद

### भूलवस बलपूर्ण गर्भपतनमा सजाय

- पच्चीस हप्तासम्मको गर्भ भए रू. ५००/- जरिवाना
- पच्चीस हप्ताभन्दा बढीको गर्भ भए रू. १०००/- जरिवाना



# कानून विपरित गर्भपतनको उजुरी प्रक्रिया

**गर्भपतन सम्बन्धी मुद्दाको उजुरी प्रक्रिया**

- नजिकको प्रहरी कार्यालयमा उजुरी दिने
- प्रहरी कार्यालबाट आवश्यक अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने
- प्रहरी कार्यालयले प्रतिवेदन सरकारी वकीलको कार्यालयमा पेश गर्ने
- सरकारी वकीलले प्रहरी प्रतिवेदनको आधारमा सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र दायर गर्ने
- अदालतले अभियुक्त, साक्षी सबुत प्रमाण बुझ्न सक्ने
- बयान, सबुत प्रमाणको आधारमा जिल्ला अदालतले फैसला गर्ने
- जिल्ला अदालतको फैसलामा चित्त नबुझ्ने पक्षले म्याद भित्र पुनरावेदन गर्न सक्ने
- पुनरावेदन अदालतबाट फैसला
- पुनरावेदन अदालतको फैसलामा चित्त नबुझ्ने पक्षले म्याद भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्ने
- सर्वोच्च अदालतबाट अन्तिम फैसला

**सम्बन्धित जिल्ला अदालत मार्फत् फैसला कार्यान्वयन**

## उजुरी गर्ने ठाउँ र हदम्याद

गर्भपतन भएको मितिले ३ महिना भित्र नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नुपर्दछ ।







सुरक्षित सुलभ र कानूनी गर्भपतन सेवा प्रदान गरौं ।

महिलाको प्रजनन स्वास्थ्य अधिकारको संरक्षण र सम्बर्द्धन गरौं ।


लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रम (MGEP)

पत्र मञ्जुषा : १०७ कृष्णगल्ली, पुल्चोक, ललितपुर, नेपाल

फोन नं.: ०९७७-१-५५२८८३२, ५५२०५६४

फ्याक्स : ०९७७-१-५५२०५६४

इमेल : gender@mos.com.np

Website : www.mgep.org.np

महिला, कानून र विकास मञ्च (FWLD)

२९४-श्वेत विनायक मार्ग, थापाथली, काठमाडौं

पत्र मञ्जुषा : २९२३, नेपाल

फोन नं.: ०९७७-१-४२६६४१५, ४२४२६८३

फ्याक्स : ०९७७-१-२४०६२७

इमेल : fwld@fwld.wlink.com.np

Website : www.fwld.org.np

# महिलाको गर्भपतनसम्बन्धी अधिकार



## जानकारी पत्र

प्रकाशन नं. ६४

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (MWCSW)
लैङ्गिक समताको मूलप्रवाहीकरण कार्यक्रम (MGEP)
संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP)
तथा
महिला, कानून र विकास मञ्च (FWLD)

सुरक्षित, सुलभ र कानूनी गर्भपतन सेवा प्रदान गरौं।

महिलाको प्रजनन स्वास्थ्य अधिकारको संरक्षण र सम्बर्द्धन गरौं।